रौतामाई गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय भुट्टार, उदयपुर

कोशी प्रदेश, नेपाल

स्थानीय राजपत्र

| खण्डः९ | संख्याः ५ | मितिः२०८२ पौष २१ |
|---|---|---|

भागः २

# विज्ञान विषय सञ्चालन अनुदान तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावना,

नेपालको संविधानको धारा ३१ वमोजिम प्रत्याभूत शिक्षाको मौलिक हक, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेको अधिकार र जिम्मेवारीको कार्यान्वयन स्वरुप माध्यमिक तह (कक्षा ११ र १२) र उच्च शिक्षामा विज्ञान शिक्षाको प्रर्वद्धन, पहुँच, गुणस्तर र समावेशीता अभिवृद्धि गर्नु राज्यको दायित्व हो । रौतामाई गाउँपालिका भित्र सञ्चालित विद्यालय र क्याम्पसमा योग्य तथा दक्ष विज्ञान शिक्षकको व्यवस्थापन, आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति मार्फत प्रोत्साहन तथा प्रयोगात्मक शिक्षाका लागि आवश्यक विज्ञान प्रयोगशालामा प्रयोग हुने उपकरण सामग्री र रसायनका उपकरणको उपलब्धता सुनिश्चित गर्दै दिगो शैक्षिक उपकरणको उपलब्धता सुनिश्चित गर्दै दिगो शैक्षिक विकास र सक्षम मानव संसाधन उत्पादनमा योगदान पुर्याउन रौतामाई गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (१) र रौतामाई गाउँपालिकाको आधारभूत तथा माध्यमिक ऐन प्रथम संशोधन २०७७ को दफा ४९ (क) उपदफा ३ (क) ले दिएको अधिकार प्रयोग गरी रौतामाई गाउँपालिकाले कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद '१'

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "विज्ञान विषय सञ्चालन अनुदान तथा व्यवस्थापन कार्यविधि,"२०८२" रहेको छ ।

(ख) यो कार्यविधि रौतामाई गाउँपालिकामा विज्ञान विषय अध्यापन गराउन सञ्चालित सामुदायिक विद्यालयंमा लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

प्रमाणित गर्नेः- प्रेमराज श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण गर्नेः- वीरेन्द्र कुमार मगर, अध्यक्ष



CamScanner

(क) "कार्यविधि" भन्नाले "कक्षा ११,१२ र उच्च शिक्षाका लागि विज्ञान विषय सञ्चालन अनुदान तथा व्यवस्थापन कार्यविधि,२०८२" सम्झनुपर्छ ।

(ख) "गाउँपालिका" भन्नाले रौतामाई गाउपालिका सम्झनुपर्छ ।

(ग) "गाउँसभा" भन्नाले रौतामाई गाउपालिकाको गाउसभालाई सम्झनुपर्छ ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले रौतामाई गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/शाखा वा इकाइलाई सम्झनु पर्छ ।

(च) "विद्यालय" भन्नाले रौतामाई गाउँपालिकामा सञ्चालित कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

(छ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(ज) "शिक्षक" भन्नाले नेपाल सरकार, स्थानीय सरकार वा विद्यालयको स्रोतबाट आंशिक वा पूर्ण तलव भत्ता खानेगरी नियुक्ति गरिएको शिक्षकलाई सम्झनु पर्छ ।

(झ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(ञ) "समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ट) "प्रधानाध्यापक" भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गर्ने विद्यालयको प्रशासनिक कामकाज गर्ने शिक्षक सम्झनुपर्छ ।

(ठ) "विज्ञान विषय" भन्नाले भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान, गणित तथा विज्ञानसँग सम्बन्धित अन्य विषयहरूलाई बुझाउँछ।

(ड) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने शिक्षक/कर्मचारी तलब भत्ता, छात्रवृत्ति तथा विज्ञान विषयका प्रयोगात्मक तथा रसायन सामग्री खरिद सहायता रकमलाई बुझाउँछ।

(ढ) "छात्रवृत्ति" भन्नाले विज्ञान विषय अध्ययनरत विद्यार्थीलाई प्रदान गरिने आर्थिक सहायता रकमलाई बुझाउँछ।

## परिच्छेद '२'
## अनुदानको उद्देश्य

३. अनुदानको उद्देश्यः

क) कक्षा ११, १२ र उच्च शिक्षामा विज्ञान विषय अध्यापनको पहुँच र गुणस्तर अभिवृद्धि गर्नु।

ख) योग्य तथा दक्ष विज्ञान शिक्षकको व्यवस्थापनमा सहयोग पुऱ्याउनु।

ग) आर्थिक अवस्था कमजोर भएका तथा जेहेन्दार विद्यार्थीलाई विज्ञान शिक्षातर्फ आकर्षित गर्नु।

घ) प्रयोगात्मक शिक्षाका लागि आवश्यक प्रयोगशाला सामग्री, उपकरण तथा शैक्षिक सामग्रीको उपलब्धता

शिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



वीरेन्द्र कुमार सगर
अध्यक्ष

सुनिश्चित गर्नु।

ङ) गाउँपालिका भित्र विज्ञान शिक्षाको दिगो विकास गर्नु।

## परिच्छेद '३'

## अनुदान दिन सकिने क्षेत्रहरु

**४. अनुदान दिन सकिने क्षेत्रहरुः**

(१) यस गाउँ पालिकाद्वारा योजना खुलाई तोकेको वाहेक अनुदान शीर्षकमा प्रदान गरिएको रकम देहाय बमोजिमको शीर्षकमा खर्च गर्न सकिने छ ।

(क) विज्ञान शिक्षकको तलव भत्ता,

(ख) कर्मचारीको तलव भत्ता,

(ग) शैक्षिक समग्री तथा विज्ञान विषयका प्रयोगशालामा प्रयोग हुने सामग्री, उपकरण, रसायन खरिद ।

(घ) कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत गरिब, विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्ति।

(ङ) भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान र गणित विषयको प्रयोगशाला निर्माण व्यवस्थापन र मर्मत

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँकार्यपालिका वा गाउँसभावाट माथि उल्लेखित मध्ये कुनै शीर्षकमा तोकेर विनियोजन गरेको खण्डमा सोही शीर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।

## परिच्छेद '४'

## अनुदान तथा सहायता रकम निकासा तथा कार्यान्वयन प्रकृया

**५. अनुदान तथा सहायता रकम निकासा तथा कार्यान्वयन**

(क) यस कार्यविधी वमोजिम उपलब्ध गराउने अनुदान रकम गाउँपालिका तथा गाउँसभाबाट निर्णय पारित गरी तोकिए वमोजिम हुनेछ ।

(ख) कार्यसम्पादन मूल्याङ्कनको आधारमा वार्षिक १०,००,०००।— (अक्षरुपी दश लाख) सम्म अनुदान दिन सकिनेछ ।

(ग) अनुदान रकम वार्षिक रुपमा नियमानुसार निकासा गरिनेछ ।

(घ) अनुदान रकम एक वा वढी किस्तामा विद्यालयको खातामा निकासा दिन सकिनेछ ।

(ङ) विद्यालयले विनियोजित रकम खर्चका लागि योजनाको प्रस्तावनापत्र सहित गाउँपालिका समक्ष सम्झौता गर्नु पर्नेछ ।

शिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



दीपेन्द्र कुमार थापा
अध्यक्ष

(च) सम्झौता अनुसारको कार्यक्रम सम्पन्न भए पछि विल, भर्पाइ, समितिको निर्णय, वडाको सिफारिस तथा अनुगमन प्रतिवेदनका आधारमा गाउँपालिकाले विद्यालयको खातामा रकम भुक्तानी दिनेछ ।

(छ) गाउँपालिकाले तलब भत्ता वापत उपलब्ध गराएको अनुदान विद्यालयले बैंकमार्फत शिक्षक वा कर्मचारीको बैंक खातामा वा तलवी भर्पाइ मार्फत भुक्तानी दिनुपर्नेछ ।

(ज) सम्झौता गरेपछि विनियोजित रकम विद्यालयलाई पेश्कीको रुपमा उपलब्ध गराउन सक्नेछ ।

(छ) विद्यालयले पेश्की लिएको भए गाउँपालिकालाई तलबी भर्पाइ वा खर्चको फाँटवारी तथा बिलहरु पेश गरी पेश्की फछ्र्यौट गर्नु पर्नेछ ।

(झ) तलब भत्ता वापत अनुदानको हकमा विद्यालयको स्थायी शिक्षक अस्थायी शिक्षक तथा कर्मचारीको विवरण, समितिको नियुक्तिको निर्णय पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ञ) शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरेको भन्दा बढी तलव भत्ता खुवाउन पाइने छैन ।

६. दफा ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीको बार्षिक तलब-भत्ता अपुग भएमा विद्यालय आफैले अपुग रकम व्यहोर्नु पर्नेछ ।

७. गाउँपालिकाले देहाय बमोजिमका आधारमा विद्यालयलाई दिने अनुदान रकम बर्षैपिच्छे फरक फरक हुन सक्नेछ ।

(क) गाउँपालिकाको आन्तरिक आम्दानी

(ख) गाउँपालिको बार्षिक बजेटको आकार

(ग) गाउँपालिकाको योजनाको प्राथमिकीकरण

(घ) अनुदानको आवश्यकता, औचित्यता र प्रभावकारीता

८. अनुदान दुरुपयोग भएको पाइएमा रकम फिर्ता लिन सकिनेछ।

## परिच्छेद '५'
## विविध

**९. अनुगमन सम्वन्धी व्यवस्था**

(क) यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा गाउँपालिका आफैले अनुगमन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

ख) गाउँपालिवाट अनुगमन तथा मुल्याङ्कनको प्रतिवेदन अनुदान रकमबाट तोकिएको कार्य नभएको पाइएमा गाउँपालिकाले तोकिए बमोजिमको काम सम्पन्न नगर्ने समिति तथा प्रधानाध्यापकलाई निर्देशन दिन सक्नेछ



प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार ... 
अध्यक्ष

CamScanner

(ग) गाउँपालिकाले दिएको निर्देशन पालना गर्नु सम्बन्धित विद्यालय व्यवस्थापन समिति वा प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(घ) खण्ड (ग) बमोजिम निर्देशन पालना नगर्नेलाई प्रचलित कानुन बमोजिम कारबाही गर्ने वा कारबाही गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ ।

**१०. संशोधन तथा परिमार्जन**

गाउँपालिकाले विद्यालय अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८२ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**११. बाधा अड्काउ फुकाउ :**

यो कार्यविधि कार्यान्वयनका क्रममा उत्पन्न समस्या समाधान गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ।

**१२. बचाउ तथा खारेजी**

(क) यो कार्यविधि गाउँपालिकाबाट आर्थिक वर्ष २०८२।०८३ देखि विद्यालयमा दिइने अनुदानको हकमा मात्र लागु हुनेछ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट संशोधन वा खारेज भएको अवस्थामा खारेज हुन पुर्व भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार नगर
अध्यक्ष



CamScanner